नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख ७ गते २०३३ साल

श्री ५ को सरकार

निर्माण तथा यातायात मन्त्रालयको सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले पूर्वाञ्चल विकास क्षेत्रको क्षेत्रीय विकास केन्द्र धनकुटा नगर योजनामा पर्ने विस्थापित परिवारहरूलाई बसोवास गराउनको लागि कोशी अञ्चल, धनकुटा जिल्ला, धनकुटा बजार पञ्चायत वार्ड नं. ५ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व धनकुटा बजार पञ्चायत वार्ड नं.५ (सिट नं. ५०९–१) कि.नं. १९९,२००, पश्चिम धनकुटा बजार पञ्चायत वार्ड नं. ५ (सिट नं. ५०८–२) कि. नं. १५८,१६३ को खोल्सो, उत्तर धनकुटा बजार पञ्चायत वार्ड नं. ५ (सिट नं. ५०८–२) कि. नं. १६३ को खोल्सो तथा ऐ.ऐ.

E 6 ५२६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।